iLovePDF

**सम्माननीय सभामुख महोदय,**

सर्वप्रथम, म, यस गरिमामय सांसदको सम्माननीय सभामुख जस्तो गरिमामय जिम्मेवारीमा निर्विरोध निर्वाचित हुनुभएकोमा यहाँलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु।

विगतमा देखिएका केहि सभामुखहरुमा सत्तापक्ष झुकावको प्रवृत्तिबाट अलग रहँदै, सम्माननीय सभामुख महोदयले नयाँ मापदण्ड स्थापित गर्नुहुनेछ भन्ने विश्वास राख्दछु। सत्ता र प्रतिपक्षबीच सन्तुलित व्यवहार, संवैधानिक मर्यादाको संरक्षण तथा संसदीय प्रक्रियाको निष्पक्ष सञ्चालनमा यहाँ अब्बल साबित हुनुहुनेछ भन्ने विश्वास राख्दछु।

**सम्माननिय सभामुख महोदय,**
नेपाल सरकारको मन्त्रिपरिषद् बैठकले एशियाली विकास बैंक र विश्व बैंकबाट डिजिटल नेपाल ट्रान्सफर्मेशन प्रोजेक्टका लागि ९० मिलियन अमेरिकी डलर, र दिगो र समावेशी वित्त परियोजनाका लागि ९५ मिलियन अमेरिकी डलर बराबरको ठूलो सहुलियत ऋण स्वीकार गरेको प्रसंग छ।

हामी सरकार समक्ष्य सोध्न चाहन्छौं: कुन संसदिय समिति, कुन नीतिगत बहस, र कुन आवश्यकता प्राथमिकीकरण मूल्याङ्कनका आधारमा यो आकारको निर्णय लिईयो ? हाम्रो संसद अझै शिशु अवस्थामा छ: संसदीय समिति, उपसमितिहरु बनेका छैनन्। यस्तो अवस्थामा एउटा सानो आकारमा बसेर भएको सरकारको निर्णय पारदर्शी नभएको कुरा स्पष्ट छ।

सबैभन्दा महत्वपूर्ण प्रश्न: उक्त ऋण हामीले माग गरेका थियौं वा हामी माथि प्रस्ताव आएको थियो? Offerred Loan हो कि Requested Loan हो ? किन विशेषगरी उक्त परियोजनाहरु नै छनोट गरियो?

हामी सांसद वा संसदीय समितिमा छलफल नै नगरी यो आकारको निर्णय गर्न किन हतारो गरियो ?

**सम्माननीय सभामुख महोदय,**

iLovePDF

मध्यपूर्व क्षेत्रमा देखिएको संकटले हाम्रो कमजोर आर्थिक र कुटनीतिक आधारहरुलाई उजागर गरेको छ। त्यहाँ कुनै पनि अस्थिरताले हाम्रो Remittance-विप्रेषण, हाम्रो अर्थतन्त्र, र लाखौं परिवारको जीविकामा प्रत्यक्ष असर पार्दछ। मध्यपूर्वमा देखिएको संकटले हाम्रो भान्सामा प्रत्यक्ष असर पारेको छ। खाना पकाउने ग्याँस, पेट्रोल, डिजेल, खाद्य सामाग्रीहरुको भाउ बढीरहेको छ। हामीसँग न पर्याप्त ऊर्जा भण्डारण छ, न आत्मनिर्भर उत्पादन! यतातर्फ हामीले पर्याप्त ध्यान पुर्याउन सकेका छौं ?

बजारमा आज दैनिक आवश्यकताका विषयहरुमा चरम लापरवाही र कालोबजारी व्याप्त छ। भ्रष्टचार ठूला राजनीतिक र व्यपारिक व्यक्तिहरुमा मात्र सिमित छैन; कालोबजारी र दैनिक उपभोग्य सामग्रीहरुमा नैतिक भ्रष्टाचारको विषय चोक-चोक र घर-घरमा व्याप्त छ। म यसतर्फ सरकारको ध्यनाकर्षण गराउन चाहन्छु।

मूल्यवृद्धिले समाजका सबै वर्गलाई प्रभावित पारेको छ, विशेषतः बैंकबाट ऋण लिएका किसानहरूलाई। बदलिँदो जलवायु परिवर्तनका कारण उनीहरूको कृषि उत्पादनमा असर परेको छ, र त्यसमाथि मूल्यवृद्धिको दोहोरो मार परेको छ। त्यसैले, यस्तो जोखिममा रहेका किसानहरूलाई लक्षित गर्दै ऋण पुनर्संरचना (rescheduling) को व्यवस्था तत्काल लागू गरिनुपर्छ।

शिलापत्र

**पेट्रोलियम पदार्थमा सरकारले लगाउँदै आएको कर घटाएर भएपनि जनतालाई राहत दिने र पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको नाममा हवाई यातायात भाडादर लगायतमा जथाभावी भएको मूल्यवृद्धि रोक्ने तर्फ पनि सरकारको ध्यान जान अत्यन्त आवश्यक छ।**

**सम्माननीय सभामुख महोदय,**

नेपालको आर्थिक यथार्थ असहज अवस्थमा छ। हामीले देशभित्र उत्पादन गरेर होइन, विदेशमा श्रम बेचेर अर्थतन्त्र धानीरहेका छौं। विप्रेषणले (Remittance) राष्ट्रिय आम्दानीको ठूलो हिस्सा ओगटेको छ, र हाम्रो विदेशी मुद्राको सञ्चितिको जुन कुरा गरिरहेका हुन्छौँ, त्यो पनि श्रमिकहरूको पसिनाले बनेको अस्थायी आधार मात्र हो। यसलाई उत्पादक अर्थतन्त्रको सूचकका रुपमा लिन सकिंदैन। सरकारले अर्थतन्त्रलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने ठोस् आर्थिक-नीति र नीति-कार्यान्वयन तर्फ ध्यान पुर्याओस।

iLovePDF

उत्पादनमुखी अर्थतन्त्रतर्फ राज्यले ध्यान पुर्याउन आवश्यक छ: कृषि, उद्योग, पर्यटन र ऊर्जा क्षेत्रमा लगानी बढाई रोजगारी देशभित्रै सिर्जना गर्नुपर्दछ। विप्रेषणलाई उपभोगमा मात्र होइन, उद्यमशीलता र साना-मझौला उद्योगमा लगानी गर्ने-गराउने नीतिगत व्यवस्थामा ध्यान पुर्याउनु पर्दछ। निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र लगानीमैत्री वातावरणमार्फत अर्थतन्त्रलाई दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउने बाटोतर्फ स्पष्ट मार्गचित्र निर्माण गरिहाल्नु पर्दछ।

**सम्माननिय सभामुख महोदय,**

संसदीय बजेट अनुरोधका लागि हामीलाई विभिन्न मन्त्रालय धाउन नपरोस्। यसका लागि एउटै अनलाइन पोर्टल बनाइयोस्, जहाँ सांसदहरूले आफ्नो आवश्यकताहरू राख्न सकून्। उक्त पोर्टल सार्वजनिक गरियोस ताकि स्वार्थमा आधारित बजेट अनुरोध रोकियोस्। र जनसंख्या र भूगोल अनुसार आवश्यकता मूल्याङ्कन गरेपश्चात उक्त बजेट निकाशा गर्ने व्यवस्था मिलाइयोस।

यस व्यवस्थाले भोलिका दिनमा सांसदहरूले बजेट बाँडफाँडमा आफ्नो हात भएको देखाएर दम्भ नगरून्। यस्तो सांस्कृतिक अभ्यासको अन्त्य हुनुपर्छ। सांसदहरूले नीति-निर्माण र नीतिगत हस्तक्षेपको बहसमा पर्याप्त ध्यान दिन सक्ने वातावरण निर्माण होस्।

शिलापत्र

**सम्माननीय सभामुख महोदय,**

मनसुन छिट्टै सुरु हुँदैछ। यससँगै रोपाइँको समय शुरु हुन्छ र त्यसपछि पहिरो र बाढीको जोखिम बढ्छ। तर देशका विभिन्न क्षेत्रहरूमा तटबन्धनका लागि आपतकालीन स्रोत साधनहरू छैनन्। यसका लागि भनेर कुनै आपतकालीन कोष व्यवस्था गरिएको छैन।

म आग्रह गर्न चाहन्छु: गृह मन्त्रालयले तत्काल आपतकालीन कोषको स्थापनाको लागि ध्यान दियोस; वर्षाका बेला हुने प्राकृतिक विपत्तिबाट जनधन सुरक्षित रहोस्।

साथै, रोपाइँको समयअघि नै कृषि मल र आवश्यक कृषि सामग्रीबारे छलफल अहिले बाट नै होस्। यसमा कृषि मन्त्रालयले तत्काल ध्यान दिन आवश्यक छ। पर्याप्त तयारी र समयमै गरिएको पहलले मात्र हाम्रा कृषकहरुलाई  सुरक्षित राख्दै कृषि उत्पादन सुनिश्चित गर्न सकिन्छ।

iLovePDF

अहिले देखिकै पूर्व तयारी र समयमै आवश्यक कदम चाल्न सम्बन्धित मन्त्रालयहरू सक्रिय हुनुपर्दछ।

**सम्माननीय सभामुख महोदय,**

आज देशको राजनीतिक परिदृश्य गम्भीर रूपमा ध्रुवीकृत छ। कुनै दल सडक आन्दोलनको घोषणा गर्दैछन्, कुनै दल आफ्नै अडानमा अडिएका छन्, र विभिन्न अन्य राजनीतिक शक्तिहरू आ-आफ्नै मागसहित अघि बढिरहेको आभास छ। नेपाली राजनीतिको यस ऐना नेपाली समाजमा पनि प्रत्यक्ष मुखरित हुँदैछ। अर्थात् जनता-जनता विच विभाजन र ध्रुविकरण हुँदै गएको देखिँदै छ। जुट्ने मानसीकता कम, र टुट्ने मानसीकताको हाभी बृहत नेपाली समाजमा पर्दैछ कि भन्ने चिन्ता उत्पन्न भएको छ। हाम्रो समाज विगत भन्दा आज, र आज भन्दा भोलि झन्-झन् विभिन्न ध्रुवहरुमा विभाजित हुँदै गरेको अवस्था छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको धारणा सधैं यि विविध धारहरूलाई एकतामा बाँध्ने रहेको छ। बहुदलीयता स्वाभाविक हो, तर जब ध्रुवीकरण अराजकतामा परिणत भई जनता-जनता बीच अविश्वास फैलिने वातावरण निर्माण हुँदछ, त्यो राष्ट्रका लागि घातकसिद्ध हुन पुग्दछ। अबको हाम्रो साझा लक्ष्य स्पष्ट छ: सुशासन र आर्थिक समृद्धि। स्मरण रहोस; अत्यधिक ध्रुवीकृत राजनीतिक संस्कार र सोहि संस्कार अनुरुपको हाम्रो समाजले कहिल्यै साझा लक्ष्य हासिल गर्न सक्दैन। यि लक्ष्य हासिल गर्नका लागि एउटा साझा सूत्र आवश्यक छ। मेरो विश्वास छ, त्यो साझा सूत्र संवैधानिक राजसंस्था जस्तो स्थिर र एकीकृत गर्ने आधार नै हुन सक्दछ, जसले राष्ट्रलाई दीर्घकालीन राजनीतिक र सामाजिक स्थायित्व दिन सक्दछ। आम जनता, बृहत नेपाली समाज, राजनीतिक दलहरु र अन्तराष्ट्रिय समुदायहरुलाई पनि सहज रुपमा जोड्ने स्थाई सेतु नेपालको हकमा राजसंस्था मात्र हो भन्ने राप्रपा र बहुसंख्यक नेपालीहरुको मनमा छ। म सम्माननीय सभामुख महोदय मार्फत सबै संघिय सांसदहरु, राजनीतिक दल र बृहत रुपमा नेपाली दाजुभाइ-दिदिबहिनिहरुलाई एकपटक यस विषयमा गहिरिएर आत्म-निरीक्षण गर्न पनि विशेष आग्रह गर्दछु।

अस्ति भर्खरै, प्रधानमन्त्रीले आफ्नो आस्था अनुसार हिन्दू परम्परामा शपथ लिँदा त्यसलाई लिएर उठाइएका आपत्तिहरूले एउटा गम्भीर प्रश्न खडा गरेको छ: के धर्मनिरपेक्षता भनेको आफ्नै परम्परा मान्न नपाउने अवस्था हो? हामी स्पष्ट रूपमा भन्न चाहन्छौं: नेपाललाई हिन्दू राष्ट्रबाट धर्मनिरपेक्ष बनाउँदा नेपाली जनतासँग सोधिएको थिएन! जनताको अभिमत लिईएको थिएन । अनौठो एकतर्फी निर्णय सुनाईएको थियो। जनताले दिएका सुझावहरूलाई समेत रद्दीको

iLovePDF

टोकरीमा हालिएको अनुभूति आज पनि जीवित छ। त्यसैले आज हाम्रो माग जटिल छैन, अत्यन्त सरल छ: एकपटक नेपाली जनतालाई सोधियोस्। यस सदन मार्फत जनता लाई सोधीयोस: नेपालको पहिचान के रहने भन्ने जस्तो गम्भीर विषयमा निर्णय गर्ने अधिकार जनताकै हो। नेपाल हिन्दू राष्ट्र रहने कि नरहने, यो कुनै सीमित समूहले होइन, सम्पूर्ण नेपाली जनताले तय गर्न पाउनुपर्दछ!